नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः- २०७७ पुस २८ गते**

वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामबन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (२०७७।१०।१९गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन सूचित गरिन्छ ।आवेदनको फारम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेबसाइट www.moless.gov.np बाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७८ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात<br>( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने ) |
|---|---|
| १) नेपाली नागरिक,<br>२) श्रमिक भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको हुनुपर्ने,<br>३) विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यस प्रकारको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५) कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) आ.व. ०७६।७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**नेपाल सरकार**

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन**

**कार्यविधि, २०७६**

**प्रस्तावना,**

वैदेशिक रोजगारीबाट फर्केका नेपालीहरुले वैदेशिक रोजगारको सिलसिलामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीलाई सदुपयोग गर्न राज्यवाट विशेष प्रोत्साहन गरी विदेश जाने वा विदेशमा नै अवैधानिक तवरले बस्ने प्रवृतिमा न्यूनीकरण गर्न र उनीहरुलाई आयमुलक तथा रोजगारमुलक कार्यमा लाग्न थप प्रेरणा दिने गरी उद्यमी राष्ट्रिय सम्मान पुरस्कार स्थापना गरी बस्तुनिष्ठ तवरले मूल्यांकन गरी सिफारिश गर्न आवश्यक भएकोले यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम:**

(१) यो कार्यविधिको नाम " **विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६"** रहने छ ।

(२) यो कार्यविधि नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा:**

(१) "मन्त्रालय" भन्नाले नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनु पर्छ ।

(२) "विदेशमा कामगरी फर्केका उद्यमी" भन्नाले विदेशमा रोजगार गरी स्वदेश फर्केर आफ्नो स्वामित्वमा उद्योग वा व्यवसाय संचालन एवं व्यवस्थापन गर्ने उद्यमीलाई सझनु पर्छ । सो शब्दले त्यस्ता व्यक्तिको परिवारले सञ्चालन गरेको व्यवसायको उद्यमलाई समेत जनाउनेछ ।

(३) "मूल्यांकन तथा सिफारिस समिति" भन्नाले दफा ५ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

**३. उदेश्यहरु:**

यस कार्यविधिका उदेश्यहरु देहाय बमोजिम छन् :

क. वैदेशिक रोजगारबाट आर्जित पूँजी, सीप, अनुभवलाई स्वदेशमा उद्यमीशीलता प्रबर्द्धनको क्षेत्रमा लगानी गरी योगदान दिने उद्यमीलाई प्रोत्साहित गर्ने ,

ख. सफल उद्यमीको प्रोत्साहन र प्रचार प्रसार गरी स्वदेशमा स्थापित हुन सकिन्छ भन्ने विश्वास अभिवृद्धि भै खुशीपूर्वक फिर्ता तथा गैर कानूनी बसाईलाई रोक्ने कार्यमा टेवा पुर्याउने ।

ग. स्वदेश फर्केका कामदारहरुलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गर्ने ।

घ. उद्यमीहरुको प्रतिस्पर्धी क्षमता विकास गर्न स्तरोन्नतिका लाग सघाउ पुर्याउन एवं उद्योग क्षेत्रमा व्यवस्थापकीय क्षमताको प्रयोग गर्ने ।

**४. उद्यमी छनौटको सूचना:**

(१) मन्त्रालयले प्रत्येक वर्ष अनुसूची १ को ढाँचामा उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र उद्यमी राष्ट्रिय पुरस्कारको आवेदन गर्नको लागि कम्तिमा एक्काइस (२१) दिनको म्याद दिई राष्ट्रिय स्तरको कुनै पत्रिकामा सूचना प्रकाशन गर्नु पर्नेछ। सो सूचना आफ्नो वेवसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ। सूचनामा दफा ६.१ वमोजिमको आधारहरु स्पष्ट खुलाउनु पर्नेछ।

(२) छनौटका आधारहरुलाई वर्गीकृत गरी तयार गरिएको मूल्यांकन सूचकहरु अनुसूची-३ मा तोकिए बमोजिम हुनेछ।

(३) आवेदकवाट प्राप्त आवेदनमा कर चुक्ता/दाखिला प्रमाणपत्र अनिवार्य पेश गर्नु पर्नेछ। कर चुक्ता/दाखिला प्रमाणपत्र पेश नभएका आवेदनहरु स्वतः रद्द हुनेछन्।

(४) उपदफा (१) वमोजिम आवेदकहरुवाट प्राप्त कागजात तथा आधारहरुको छानविन, विश्लेषण र मूल्यांकन गरी समितिले मन्त्रालयलाई सिफारिश गर्नेछ। पुरस्कारको लागि अनुसूची-२ मा उल्लेख भए बमोजिमको आवेदन फाराम भरी मन्त्रालयमा दर्ता गराउनु पर्नेछ।

**५. मूल्यांकन तथा सिफारिश समिति :**

(१) राष्ट्रिय सम्मान पुरस्कारका लागि छनौट गर्न देहाय बमोजिमको छ सदस्यीय सिफारिस समितिको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| (क) सहसचिव, रोजगार व्यवस्थापन महाशाखा, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | संयोजक |
| (ख) महानिर्देशक, श्रम विभाग | सदस्य |
| (ग) प्रतिनिधि, (रा.प.द्वि.श्रेणी), कंपनी रजिष्टारको कार्यालय | सदस्य |
| (घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| (ङ) उपसचिव (कानून), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा | सदस्य |
| (च) उपसचिव, रोजगार समन्वय तथा सूचना शाखा, श्रम तथा रोजगार मन्त्रालय | सदस्य सचिव |

(२) सिफारिश समितिको सचिवालयको रुपमा मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखाले काम गर्नेछ ।

(३) सिफारिश समितिको सचिवालयमा आवश्यकतानुसार अधिकृत तथा अन्य कर्मचारीहरु रहनेछन्।

**६. छनौटको आधारः**

(१) उद्यमी पुरस्कारको लागि छनौट गर्दा देहायका विषयहरुमा देहाय अनुसार १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ।

| | |
|---|---|
| (क) रोजगारी सिर्जना | ३० |
| (ख) पूँजी लगानी | २० |
| (ग) स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग | १० |
| (घ) उत्पादन निर्यात गरेको | १० |
| (ङ) सामाजिक दायित्व बहन<br>(स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तै विद्यालय, कलेज च्यारिटीमा योगदान) | १० |
| (च) वातावरण मैत्री प्रविधी प्रयोग तथा प्रदुषण व्यवस्थापन | १० |
| (छ) उद्यम संचालन गरेको भौगोलिक क्षेत्र | १० |

(२) उद्यमी छनौट गर्दा सम्भव भएसम्म सातवटै प्रदेशबाट न्युनतम एक जना नछुट्ने गरी छनौट/सिफारिश गर्नु पर्नेछ।

(३) मन्त्रालयमा रहने सिफारिश समितिले उपरोक्त बमोजिमको आधारमा एक जनालाई रु एक लाख रकमको ***उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार*** र वढीमा सात जनासम्मलाई रु. पचास हजारको ***उद्यमी राष्ट्रिय पुरस्कार***को लागि सिफारिश गर्नेछ।

(४) पुरस्कृत गर्दा दिइने नगद रकममा विनियोजित वजेटको परिधिभित्र रही सामान्य थपघट गर्न सक्ने अधिकार समितिलाई रहनेछ।

(५) दफा ४ को सूचना बमोजिम आवेदन गर्ने उद्यमीहरुका आवेदनलाई दफा ५ बमोजिमको समितिले प्रारम्भिक मूल्यांकनवाट छोटो सूची (Short List) वनाउन सक्नेछ। छोटो सूचीमा परेका उद्यमीहरुको उद्यमको समितिका सदस्य वा तोकिएका प्रतिनिधीवाट स्थलगत निरिक्षण गरी प्रतिवेदन लिन सकिनेछ।

(६) एक पटक पुरस्कृत भइसकेको उद्यमीलाई कम्तीमा ५ वर्षसम्म सोही उद्योग, व्यवसाय उत्पादन र एउटै सेवा योगदानको लागि पुनः पुरस्कृत गरिने छैन।

(७) सिफारिश समितिले उल्लेखित मूल्यांकनका शर्तहरुलाई आधार मानी अनुसूची ४ बमोजिमको ढाँचामा छनौटको लागि सिफारिस गर्नेछ।

(८) उपरोक्त समितिको सिफारिशका आधारमा मन्त्रालयले उत्कृष्ट/सम्मानित उद्यमीलाई नगद पुरस्कार तथा सम्मानपत्रद्वारा सम्मानित गर्नेछ।

**७. खारेजी तथा बचाउः**

विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७३ खारेज गरिएको छ। उक्त कार्यविधि अनुसार भए गरेका काम यसै कार्यविधि अनुरुप भएको मानिने छ।

## अनुसूची-१

(कार्यविधिको दफा ४ सँग सम्वन्धित)

वैदेशिक रोजगारीवाट फर्किएर स्वदेशमा उद्यम गरी वसेका उद्यमीलाई
राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः- ...........।......।......**

वैदेशिक रोजगारीमा गई फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई यस मन्त्रालयले सम्मान गरी उनीहरुको योगदानको कदर र स्वरोजगारीमा नेपाली नागरिकलाई प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कृत गर्ने कार्यक्रम रहेको हुँदा उक्त सम्मानका लागि विदेशमा काम गरी फर्किएर नेपालमा उद्यम गरी आर्थिक विकासमा योगदान गरिरहेका र यसअघि उक्त कार्यक्रम अन्तरगत सम्मानित नभएका उद्यमीहरुलाई विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्वस्थापन कार्यविधि, २०७६ को अनुसूची २ अनुसारको ढाँचामा आवेदन भरी खामवन्दी गरी यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा वा इमेलमा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र दर्ता गर्नु हुन सूचित गरिन्छ।आवेदनको ढाँचा र मापदण्ड यस मन्त्रालयको wedsite वाट download गर्न सकिनेछ।यो सूचना श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग (dofe.gov.np) तथा वैदेशिक रोजगार वोर्ड (fepb.gov.np) को website वाट पनि हेर्न सकिनेछ।

**पेश गर्नुपर्ने कागजातहरु**

१) अनुसूची २ वमोजिमको आवेदन फाराम
२) व्यवसाय दर्ता र नविकरण गरेको प्रमाण
३) कर दर्ता प्रमाणपत्र
४) कर चुक्ता/दाखिला प्रमाणपत्र

### सम्पर्क ठेगाना

**रोजगार समन्वय तथा सूचना शाखा**
**श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

**वेवसाइटः www.moless.gov.np**
**इमेलः info@moless.gov.np**

## अनुसूची-२

(कार्यविधिको दफा ४ सँग सम्वन्धित)

विदेशमा काम गरी फर्केका उत्कृष्ट उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि

आवेदन फारम

श्रीमान् सचिवज्यू

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,

सिहदरवार, काठमाण्डौ ।

महोदय,

म........................वर्ष वैंदेशिक रोजगारमा कार्य गरी स्वदेश फर्केको व्यक्ति भएकोले मिति २० । । प्रकाशित सूचना बमोजिम देहायमा उल्लिखित विवरण भरी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछ ।

१. नाम थर

२. बाबुको/ आमाको नाम

३. वाजेको नाम

४. स्थायी ठेगाना

५. हाल बसोबास र व्यवसाय गरेको ठेगाना
(नागरिकताको छाँयाप्रति संलग्न गर्नु पर्नेछ)

६. वैदेशिक रोजगारीमा गएको देशको नाम र बसेको अवधि क्रमश
क.
ख.
ग.

७ विदेशमा रहदा गरेको कामको प्रकृति/(विवरण) सिकेको सीप र ज्ञान

.........................................................................................

८. राहदानी नं.
Departure र Arrival मिति र Visa समेत देखिने गरी (राहदानीको छाँयाप्रति संलग्न गर्नु पर्ने)

९. नेपालमा फर्की शुरु गरेको व्यवसाय:

........................................................................................................

१० व्यवसाय दर्ता गरेको भए दर्ता नं.

११. VAT/PAN नं.

१२ उद्योग/ व्यवसायमा लगानी गरेको पूँजी रकम

१३ स्थानीय स्रोत साधन उपयोग गरेको भए के के उपयोग भएका छन् खुलाउने (स्रोतको परिमाण तथा प्रतिशत,...............................................

१४ निर्यातमूलक उद्योग भए केके र वार्षिक कति निर्यात हुन्छ खुलाउने

..................................................................................

१५ सामाजिक दायित्व बहन गरेको भए के कस्तो संस्थालाई कहिले, कसरी र कति योगदान गरेको हो नगद बस्तुगत खुलाउने (स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तै: विद्यालय , कलेज, च्यारिटीमा योगदान)

.....................................................................................................................................

(प्रमाण पेश गर्ने )

१६ वातावरण मैत्री प्रविधि प्रयोग तथा प्रदुषण व्यवस्थापन गरेको भए के कस्तो प्रविधि कसरी प्रयोग भएको छ खुलाउने ।

.....................................................................................................................................

१७ उद्यम संचालन भएको स्थानको अवस्था कस्तो रहेको छ ? चिनो (√) लगाउने

(क) गाँउपालिका क्षेत्रभित्र संचालन

(ख) नगरपालिका क्षेत्रभित्र संचालन

आफुले उल्लेख गरेका विषयको यथाशक्य प्रमाणित गर्ने कागजात संलग्न गर्नुपर्ने छ ।

<u>निवेदक</u>

हस्ताक्षर......

नाम थर .....

ठेगाना........

मिति..............

सम्पर्क फोन नं..........

इमेल.......

संस्थाको छाप ...........

## अनुसूची -३

उद्यमी छनौट गर्ने मूल्यांकनका सूचक

(कार्यविधिको दफा ६ सँग सम्वन्धित)

१. उद्यमी पुरस्कारको लागि १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ । यसरी मूल्यांकन गर्दा देहायका विषयहरुमा देहाय अनुसार मूल्यांकन गरिने छ ।

| | | |
|---|---|---|
| (क) रोजगार सिर्जना | ३० | |
| २५ जना भन्दा माथि | | ३० |
| १६-२५ जनासम्म | | २० |
| ६-१५ जनासम्म | | १० |
| (ख) पूजी लगानी | २० | |
| १ करोड माथि | | २० |
| ५१ लाख- १ करोड | | १५ |
| २६ लाख ५० लाख | | १० |
| ११ लाख २५ लाख | | ५ |
| (ग) स्थानीय साधान, स्रोत र प्रविधिको प्रयोग | १० | |
| सवै स्थानीय साधान, स्रोत र प्रविधिको प्रयोग भएमा | | १० |
| ५० प्रतिशत भन्दा वढि भएमा | | ५ |

| | | |
|---|---|---|
| (घ) उत्पादन निर्यात गरेको | १० | |
| औषत गरेको भए | | १० |
| सामान्य गरेको भए | | ५ |
| (ङ) सामाजिक दायित्व बहन (स्थानीय स्तरमा आर्थिक सहयोग, जस्तै विद्यालय, कलेज च्यारिटीमा योगदान) | १० | |
| रु. १ लाख भन्दा बढी योगदान गर्नेलाई | | १० |
| रु. ५०-१ लाख सम्म योगदान गर्नेलाई | | ५ |
| रु. २५-५० हजार सम्म योगदान गर्नेलाई | | ३ |
| (च) वातावरण मैत्री प्रविधिको प्रयोग तथा प्रदुषण व्यवस्थापन | १० | |
| वातावरमैत्री प्रविधिको प्रयोग औषतमा गरेको भएमा | | १० |
| वातावरणमैत्री प्रविधिको प्रयोग सामान्य गरेको भएमा | | ५ |
| (छ) दुर्गम एंव विकट क्षेत्र वा गाउँ घरमा उद्योग स्थापना र व्यवसाय संचालन | १० | |
| गाउँपालिका क्षेत्रभित्र संचालन भएमा | | १० |
| नगरपालिका क्षेत्रभित्र संचालन भएमा | | ५ |

## अनुसूची-४

उद्यमी छनौट तथा सिफारिस प्रतिवेदन

(कार्यविधिको दफा ६ सँग सम्वन्धित)

श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयको आ.व. ………… को वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीवाट फर्किएर स्वदेशमै उद्यम गरेका उद्यमीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमका लागि मन्त्रालयवाट मिति ………… ………… मा प्रकाशित सूचना अनुसार दरखास्त दिएका आवेदकहरु मध्येवाट कार्यविधिको सूचक अनुसार मूल्यांकन गर्दा तपसिल वमोजिमका आवेदकहरुलाई पुरस्कृत गर्ने समितिवाट सिफारिस भएको छ ।

क) कार्यक्रमको नामः-

ख) सूचना प्रकाशन मितिः-

ग) आवेदक संख्याः-

घ) मूल्यांकन समितिको वैठक संख्याः-

ङ) मूल्यांकन समितिवाट पुरस्कारका लागि सिफारिस भएका उद्यमीहरुः-

(उद्यमीको नामथर, ठेगाना, पुरस्कार रकम, पुरस्कारको नाम)

१.

२.

३.

४.

५.

६.

७.

८.